माई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :२ संख्या ४ राजपत्रमा प्रकाशित मिति : २०७५/०५/२८

**भाग -२**

**माई नगरपालिका**

माई नगरपालिका

माई नगरपालिकाको दरवन्दी मिलान कार्यविधि २०७४

सभाबाट स्वीकृत मिति : २०७५/०५/२८

प्रमाणिकरण मिति: २०७५/०५/२८

# माई नगरपालिकामा आधारभूत तह (कक्षा १–५) का शिक्षक दरवन्दीहरुलाई आधारभूत तह (कक्षा ६–८) मा समायोजन र दरबन्दी मिलान (थपघट) गर्ने सम्बन्धी कार्यविधि

यस माई नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरुमा रहेका शिक्षक दरबन्दी (स्वीकृत तथा राहत) हरुलाई विद्यार्थी संख्याका आधारमा मिलान गर्न आवश्यक भएकोले,

पठनपाठनलाई सुचारु रुपमा संचालन गर्न र गुणस्तर कायम गर्न संचालित कक्षा र तह, विद्यार्थी संख्या र विषयका आधारमा शिक्षक व्यवस्था गर्न आवश्यक भएकोले,

शिक्षा मंत्रालयबाट मिति २०७३/१२/०९ मा स्वीकृत भएको "दरबन्दी मिलान तथा समायोजनका आधारहरु" समेतलाई आधार मान्दै,

यस माई नं.पा.को स्थानीय परिवेश र आवश्यकतालाई ध्यान दिँदै अधिकतम लचकता अपनाउँदै

स्थानिय तहमा दरवन्दी मिलान, समायोजन तथा विद्यालय एकिकरण प्रकृयालाई व्यवस्थित गर्नका लागि माई नगर कार्यपालिकाले मिति २०७५/०५/२८ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम **"माई नगरपालिकामा आधारभूत तह (कक्षा १–५) का शिक्षक दरवन्दीहरुलाई आधारभूत तह (कक्षा ६–८) मा समायोजन र दरबन्दी मिलान (थपघट) गर्ने सम्बन्धी कार्यविधि"** रहेको छ ।

ख) यो कार्यविधि माई नगरपालिकाको कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "शिक्षा शाखा" भन्नाले माई नगरपालिका, शिक्षा शाखा सम्झनुपर्दछ ।

ख) "दरबन्दी मिलान" भन्नाले आधारभूत तह (कक्षा १–५) का शिक्षक दरवन्दीहरु लाई आधारभूत तह (कक्षा ६–८) मा समायोजन र मापदण्डमा आधारित रही बढी भएका विद्यालयहरुबाट शिक्षक दरबन्दी घटाउनु र घटी भएका विद्यालयमा थप्नु बुझ्नुपर्दछ ।

ग) "विद्यालय समायोजन" भन्नाले कक्षा १–५ सञ्चालन भएका विद्यालयलाई कक्षा १–३ मा बदल्नु बुझ्नुपर्दछ ।

घ) "विद्यालय एकीकरण" भन्नाले एक भन्दा बढि विद्यालयहरु एकै ठाउँमा गाभी सञ्चालन गर्नु भन्ने बुझ्नुपर्छ ।

**३. कार्यविधि लागु हुने क्षेत्र र सेवा :** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(ज) को अधिकार क्षेत्र भित्र रही दफा १०२ र उपदफा २ बमोजिम आधारभूत तहमा

प्रमाणित
२०७५/०५/२८
दिपक कुमार गैरे
नगर प्रमुख

दरवन्दी मिलान र विद्यालय एकिकरण गर्ने प्रयोजनको लागि यो कार्यविधि स्वीकृत गरी गरिएको छ ।

(२) माई नगरपालिका, इलामले नगरपालिका भित्र सञ्चालनमा रहेका सबै सामुदायिक विद्यालयहरुमा यो कार्यविधि बमोजिम दरवन्दी मिलान, समायोजन र विद्यालयहरुलाई एकीकरण गर्न सक्नेछ ।

**दरवन्दी मिलान, समायोजन र विद्यालय एकीकरण गर्नका लागि निम्नानुसारका मापदण्ड / आधारहरु हुनेछन् :**

क. प्रथम चरणमा आधारभूत तह कक्षा १ - ३, कक्षा १ - ५ र कक्षा ६ - ८, भएका विद्यालयमा दरबन्दी मिलान तथा समायोजन प्रकृया अघि बढाउने ।

ख. विद्यार्थी संख्या गणना गर्दा शैक्षिक सत्र २०७५ को IEMIS लाई आधार मान्ने ।

ग. विद्यार्थी संख्या १४ जना वा सो भन्दा कम भएका विद्यालयहरुलाई एकीकरण प्रकृया अघि बढाउने ।

घ. कक्षा १ - ३ संचालन भएका विद्यालयमा २२ वा सो भन्दा कम विद्यार्थी भएमा १ शिक्षक दरबन्दी कायम गर्ने ।

ङ. कक्षा १- ५ संचालित विद्यालयमा २२ वा सो भन्दा कम विद्यार्थी भएमा कक्षा १- ३ को विद्यालय कायम गरी शिक्षक दरबन्दी १ जना कायम गर्ने ।

च. कक्षा १-५ संचालित विद्यालयमा २३-३० जना सम्म विद्यार्थी भएमा २ जना शिक्षक दरबन्दी कायम गर्ने ।

छ. कक्षा वा १-५ संचालित विद्यालयमा ३१-६० जना सम्म विद्यार्थी भएमा ३ शिक्षक दरबन्दी कायम गर्ने ।

ज. कक्षा १-५ संचालित विद्यालयमा ६१-९० जना सम्म विद्यार्थी भएमा ४ शिक्षक दरबन्दी कायम गर्ने ।

झ. कक्षा १-५ संचालित विद्यालयमा ९१-१२० जना सम्म विद्यार्थी भएमा ५ शिक्षक दरबन्दी कायम गर्ने ।

ञ. कक्षा १-५ संचालित विद्यालयमा १२१-१५० जना सम्म विद्यार्थी भएमा ६ शिक्षक दरबन्दी कायम गर्ने ।

ट. कक्षा १-५ संचालित विद्यालयमा १५० माथि विद्यार्थी भए प्रति थप ३० जना विद्यार्थीका लागि १ जना शिक्षक दरबन्दी थप गर्ने ।

ठ. कुनै कक्षामा उपत्यका तराई भागमा ७० भन्दा बढी र पहाडी भागमा ६३ जना भन्दा बढी भएमा माथिका आधारमा दरबन्दी समायोजन भएपछि दरबन्दीले पुगेसम्म वर्ग (सेक्सन) खोल्ने व्यवस्था गरी प्रति सेक्सन १ शिक्षक थप गर्न सकिने ।

[illegible]करण तथा समायोजन गरिएका विद्यालयमा हुन आउने विद्यार्थी संख्याका आधारमा पुन दरबन्दी कायम गरिने ।

कक्षा ६-८ संचालन भएका विद्यालयमा ४५ जनासम्म विद्यार्थी भएमा ३ ओटा र सो भन्दा बढि प्रत्येक ५० विद्यार्थी बापत १ शिक्षक दरबन्दी विषयगत आधारमा मिल्ने गरी थप गरी दरबन्दी कायम गर्ने ।

उपरोक्त बमोजिम दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक दरबन्दीलाई नगर शिक्षा समितिको पुल दरबन्दीमा राखी माथि उल्लेखित आधारहरु बमोजिम बढी विद्यार्थी भएका विद्यालयहरुलाई प्राथमिकता दिई दरबन्दी वितरण गर्ने ।

शिक्षक दरबन्दी कटौती गर्दा कमशः राहत, अस्थायी (करार) र त्यसपछि स्थायी शिक्षक कनिष्टताको आधारमा कटाउँदै जाने साथै सरुवा हुन चाहेमा कमशः स्थायी वा अस्थायी शिक्षकहरुलाई पनि प्राथमिकता दिई सरुवा गर्ने ।

बढी भएका दरबन्दी तथा रिक्त भएको दरबन्दी नगर शिक्षा समितिमा पुलमा राख्ने र थप गर्नुपर्ने विद्यालयमा मिलान तथा समायोजन गर्ने ।

अपांग शिक्षकको हकमा निजको कोटा कट्टी भएमा निजले चाहेको मध्ये शिक्षक विद्यार्थी अनुपात (STR) बढी भएको विद्यालयमा खटाउने ।

कक्षा १ -५ मा अधिक भएका शिक्षक दरबन्दीलाई शिक्षा शाखामा पुलमा राखी सोहि विद्यालयको कक्षा ६-८ मा खाम्ने भएमा सो हदसम्म माथिल्लो कक्षामा सहयोग हुने गरी शिक्षकहरुलाई सोहि वा अन्य विद्यालयमा खटाउने यसो गर्दा शिक्षकको माथिल्लो योग्यता र मूल विषयलाई मुख्य आधार मानिने ।

दरवन्दी मिलान प्रकृयामा दरबन्दी कायम/वितरण गरी बाँकी रहेको दरबन्दीलाई नगर शिक्षा समितिमा पुलमा राखी समायोजन/वितरण नभइन्जेल सम्मको लागि शिक्षकहरुलाई काजमा खटाउन सकिने । माध्यमिक तहमा दरवन्दी मिलान हुनुपूर्व उक्त विद्यालयको माध्यमिक तह सञ्चालन गर्न सक्ने अवस्थालाई समेत ध्यानमा राख्न सकिने ।

विद्यालयले पेश गरेको IEMIS बमोजिमको विद्यार्थी संख्यालाई प्रमाणिकरण (verification) गर्न सकिने ।

५. यस कार्यविधिलाई कार्यान्वयन गर्न शिक्षा समिति, माई नगरपालिकाले गरेको निर्णयलाई शिक्षा अधिकृतले पत्राचार (काज, सरुवा लगायत) गर्नुपर्नेछ ।

२०७५/०५/२८
दीपक कुमार श्रेष्ठ
नगर प्रमुख



आज्ञाले ,
नाम : पेशल पोख्रेल
नि. प्रमुख प्रशासकीय अधिकृत